# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७६।०३।०८ गते

# प्रेस विज्ञप्ति

## विषय: आरोप-पत्र दायर गरिएको।

---

जिल्ला महोत्तरी एकडारा गाउँपालिका वडा नं.-४, का निर्वाचित वडा सदस्य राम चन्द्र राय (यादव) ले गाउँपालिकाको बजेटबाट निर्माण हुने धर्मशालाको रकम निकासा गराउन सहज गराई दिन भनी सेवाग्राहीसँग घुस/रिसवत माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिवास, महोत्तरीबाट खटिइ गएको टोलीले निज वडा सदस्य राम चन्द्र राय (यादव) लाई सेवाग्राहीसँग रू.३६,०००।—(छत्तीस हजार) घुस बापतको रकम लिइसकेको अवस्थामा नियन्त्रणमा लिई अनुसन्धान हुँदा वडा सदस्य राम चन्द्र राय (यादव) ले आफ्नो जिम्मेवारी र पदीय दायित्व समेतको ख्याल नगरी बदनियतपूर्वक धर्मशाला निर्माणको रकम निकासालाई सहज गरिदिन र काममा अवरोध नगर्नका लागि सेवाग्राहीलाई घुस रिसवत दिन बाध्य पारी रू ३६,०००।—(छत्तीस हजार) घुस/रिसवत माग गरी लिई भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुर गरेको पुष्टि हुन आएकोले निजलाई बिगो रू.३६,०००।—(छत्तीस हजार) कायम गरी भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय (ख) बमोजिम जरिवाना र कैद सजाय हुन मागदाबी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता